सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प.सं. २०८२/८३
च.नं.

कोशी प्रदेश, नेपाल

## संस्थागत विद्यालयहरुको मासिक तथा अतिरिक्त शुल्क निर्धारण सम्बन्धमा सूचना

(प्रकाशित मिति-मिति-२०८३।०३।२३)

यस सुनवर्षी नगरपालिका शिक्षा समितिको मिति २०८३।०२।२७ को निर्णय बमोजिम संस्थागत विद्यालयहरूको वर्गीकरण गरी मासिक शुल्क तथा अतिरिक्त शुल्क निर्धारण सम्बन्धी सूचना मिति २०८३।०२।२९ मा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अवगत नै छ। साथै शिक्षा समितिको सो निर्णय मिति २०८३।०३।१५ को सम्मानीत १४ औं नगरसभाले समेत अनुमोदन गरेको व्यहोरा जानकारी गराइन्छ ।

तर, नगरपालिकामा प्राप्त उजुरी तथा जानकारीका आधारमा केही संस्थागत विद्यालयहरूले नगरपालिकाबाट प्रकाशित उक्त आधिकारिक सूचनाको अवज्ञा गरी साविककै दरमा शुल्क लिएको तथा आफूखुसी शुल्क निर्धारण गरी असुल गरेको भन्ने विषयमा नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ।

प्रचलित कानून बमोजिम संस्थागत विद्यालयको शुल्क निर्धारण तथा नियमन गर्ने अधिकार सम्बन्धित नियमन निकायमा निहित रहेको हुँदा नगरपालिकाबाट स्वीकृत शुल्कभन्दा फरक वा वढी शुल्क निर्धारण तथा असुल गर्नु कानूनसम्मत नहुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

अतः यदि कुनै संस्थागत विद्यालयले मिति २०८३।०२।२९ को प्रकाशित सूचना विपरीत मासिक वा अतिरिक्त शुल्क निर्धारण तथा असुल गरेको भए सो कार्य तत्काल बन्द गरी देहाय बमोजिम निर्धारण गरिएको शुल्क मात्र लिने तथा अभिभावकहरूले समेत सोही बमोजिम मात्र शुल्क बुझाउने/तिर्ने गर्नुहुन सम्बन्धित सबैमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अन्यथा, यस सूचना विपरीत कार्य गर्ने संस्थागत विद्यालयउपर प्रचलित कानून बमोजिम आवश्यक कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

<u>तपसिल</u>

१. वर्गीकरण अनुसार मासिक शुल्क (रु.)

क्रमश........

युवराज कोईराला
अधिकृतस्तर आठौं

प्रमुख प्रशासकिय अधिकृत

" कृषि, शिक्षा, स्वास्थ्य र दिगो पुर्वाधारः सुनवर्षीको आधार "
फोनः०२१-४३३०२५(नगरप्रमुख) ०२१-४३३०२६(नगर उपप्रमुख) वेबसाइटः www.sunawarshimun.gov.np इमेलः sunawarshimun@gmail.com

Scanned with CamScanner

सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

झापा, मोरङ

प.सं. २०८२/८३
च.नं.

कोशी प्रदेश, नेपाल

| कक्षा | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | ङ वर्ग |
|---|---|---|---|---|---|
| नर्सरी | १५०० | १३०० | ११०० | ८०० | ७०० |
| एल.के.जी | १६०० | १४०० | १२०० | ९०० | ८०० |
| यू.के.जी | १७०० | १५०० | १३०० | १००० | ९०० |
| कक्षा १ | १८०० | १६०० | १४०० | ११०० | १००० |
| कक्षा २ | १९०० | १७०० | १५०० | १२०० | ११०० |
| कक्षा ३ | २००० | १८०० | १६०० | १३०० | १२०० |
| कक्षा ४ | २१०० | १९०० | १७०० | १४०० | १३०० |
| कक्षा ५ | २२०० | २००० | १८०० | १५०० | १४०० |
| कक्षा ६ | २३०० | २१०० | १९०० | १६०० | १५०० |
| कक्षा ७ | २४०० | २२०० | २००० | १७०० | १६०० |
| कक्षा ८ | २५०० | २३०० | २१०० | १८०० | १७०० |
| कक्षा ९ | २६०० | २४०० | २२०० | १९०० | १८०० |
| कक्षा १० | २७०० | २५०० | २३०० | २००० | १९०० |

## २. अतिरिक्त शुल्क

| शुल्कको प्रकार | नर्सरी—यू.के.जी | कक्षा १—५ | कक्षा ६—८ | कक्षा ९—१० |
|---|---|---|---|---|
| प्रथम पटक भर्ना शुल्क | २००० | २२०० | २५०० | ३००० |
| परीक्षा शुल्क | २०० | २०० | ३०० | ३०० |
| खेलकुद शुल्क (वार्षिक) | ३०० | ५०० | ६०० | ७०० |
| प्रयोगशाला शुल्क (वार्षिक) | लागू नहुने | ३०० | ५०० | ७०० |
| संगीत/नृत्य शुल्क (वार्षिक) | ३०० | ४०० | ५०० | ६०० |
| प्रमाणपत्र शुल्क | लागू नहुने | ५०० | ६०० | ७०० |

क्रमश.......

युवराज कोईराला
अधिकृतस्तर आठौं

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प.सं. २०८२/८३

च.नं.

कोशी प्रदेश, नेपाल

नोटः

१. माथि उल्लेखित अतिरिक्त शुल्क सम्बन्धित अतिरिक्त क्रियाकलाप, सेवा वा सुविधा वास्तविक रूपमा सञ्चालन भएको अवस्थामा मात्र लागू हुनेछ।

२. यस सूचना विपरीत कुनै पनि शीर्षकमा थप शुल्क असुल गर्न पाइने छैन।

३. यस सम्बन्धमा कुनै गुनासो वा उजुरी भएमा सुनवर्षी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा लिखित वा मौखिक रूपमा जानकारी गराउन अभिभावकहरु लगायत सम्बन्धित सबैमा सादर अनुरोध गरिन्छ।

युवराज कोईराला
अधिकृतस्तर आठौं

प्रमूख प्रशासकिय अधिकृत



Scanned with CamScanner